नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# क्याफ्स–कर्णाली परियोजना
# CAFS-Karnali Project

ADAPTATION FUND
WFP

मासिक बुलेटिन
बर्ष १, अंक ६, पुस, २०७६

## निगालो फर्निचर निर्माण तालिमबाट उधमको सृजना

जलवायु परिवर्तन अनुकुलन तथा खाद्य सुरक्षा कार्यक्रम अन्र्तगत मुगुको खत्याड गाउँपालिकामा पुस महिनामा एक महिने निगालो फर्निचर निर्माण तालिम सञ्चालन गरिएको थियो। उक्त तालिममा सो गाउँपालिकाका वडा नम्बर १,२,३,४ र ५ बाट २५ जना संकटासन्न अवस्थाको क र ख श्रेणीमा रहेका घरधुरीका मानिसहरु सहभागी रहेका थिए । तालिमको उद्देश्य संकटासन्न अवस्थामा रहेका मानिसहरुको निगालो फर्निचर निर्माण सम्बन्धि ज्ञान तथा सिपको बिकास गर्ने रहेको थियो। तालिममा सहभागीहरुले स्थानीय स्तरमा पाईने निगालोबाट टेबुल, दराज, मुडा, जुत्ता र्‍याक छाप्री, ह्यांङ्गर जस्ता सामाग्रीहरुको निर्माण गर्ने सिप सिकाईएको थियो।

> तालिमको उद्देश्य संकटासन्न अवस्थामा रहेका मानिसहरुको निगालो फर्निचर निर्माण सम्बन्धि ज्ञान तथा सिपको बिकास गर्ने रहेको थियो।



मुगुको खत्याडमा निगालो फर्निचर निर्माण तालिमपश्चात निर्माण गरिएका सामाग्रीहरु

उक्त तालिम पश्चात सामुहिक उद्यम दर्ता गरी ब्यवसायिकरुपमा उत्पादन गर्ने लक्ष्य रहेको तालिम सञ्चालक तथा सहभागीहरुले जानकारी दिएका थिए। स्थानीय स्तरमा सहजै कच्चा पदार्थ उपलब्ध हुने, धेरै प्रविधीको आवश्यकता नपर्ने तथा उत्पादनका लागि बिषय बिज्ञताको समेत आवश्यक नपर्ने र यस उद्यम सहजै सञ्चालन गर्न सकिने भएकाले यो ब्यवसायतिर समुदायका मानिसहरुलाई आकर्षित गर्न खोजीएको थियो।

उनी भन्छन्, महिला, पुरुष सिंचाई कूलो निर्माणको काममा जुटेका छौ। सब्बल, घन उठाएका छौ र पैसा पनि कमाएका छौ। गाँउमै रोजगारी आएपछि किन छोड्ने भनेर कुलो निर्माणको काममा लागेका अध्यक्ष टमटाको भनाई छ। पहिले पहिले जुनसुकै बिकासे काम गर्दा पुरुषले मात्र गर्न सक्छन, महिलाले गर्न सक्दैनन् भन्ने सोचाई यस क्षेत्रमा थियो तर अहिले यहाँका महिलाहरु दैनिक ८ घण्टा पुरुष सरह बिकासे काममा पुरुषसंगै खटिरहेका हुन्छन्। पुरुष सरह ढुंगा फोड्ने, वाल लगाउने काममा महिलाहरु खटिरहेको खत्याड गाँउपालिका–२ की हिरा कामीले बताईन। काममा खटिएका महिलाहरुले पुरुष सरह नै ज्याला पाउदै आएको जौमतिले बताईन । मुगुको खत्याडमा सिंचाई निर्माणमा संलग्न स्थानीय महिलाहरु परिवार पाल्नकै लागि भारत मजदुरी गर्न जाने युवा कूलो निर्माणको काम सुरु भएपछि गाँउमै अडिएका छन्। महिलाले पनि रोजगारी पाएका छन्। जसले गाँउको बेरोजगार समस्या समाधान मात्र होईन, खाद्य सुरक्षामा सहजता, परिवारसंगै रहने वातावरण पनि सिर्जना गरेको छ। बढ्दो जलवायु परिवर्तनसँग अनुकूलीत हुन र खाद्य सुरक्षाको प्रत्याभूति गराउन खत्याड गाँउपालिका सेरीमा कूलो निर्माण गरिएको हो। कूलो निर्माण हुदैं गर्दा स्थानीयहरुले पैसा पनि कमाउने र खेतमा सिंचाई गरि उत्पादनमा बृद्धि हुने र खाद्य सुरक्षाको पहुंच हुने भएकोले यस परियोजनाले कुलो निर्माणमा जोड दिएको सब् ईन्जिनियर शाहीको भनाई छ।

## परियोजनाको संक्षिप्त परिचयः

परियोजनाको नामः Adapting to Climate Induced Threats to Food Production and Food Security in the Karnali Region of Nepal/ कर्णालीमा खाद्य सुरक्षाका लागि जलवायु परिवर्तन अनुकुलन परियोजना

कार्यान्वयन अवधिः २०१८–२०२२

मुख्य उद्देश्यः संकटासन्न, खाध असुरक्षित र गरिव घरपरिवारको अनुकूलन क्षमता अभिवृद्धि गर्नु।

आर्थिक सहयोगः अनुकूलन कोष (Adaptation Fund)

कार्यान्वयन गर्ने निकाय (Implementing Entity): संयुक्त राष्ट्रसँघीय विश्व खाद्य कार्यक्रम

कार्यकारी निकायहरु (Executing Entity): नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय र संयुक्त राष्ट्रसँघीय विश्व खाद्य कार्यक्रम

साझेदार गैरसरकारी सँस्थाहरुः मुगुमा ग्रामिण सामुदायिक विकास केन्द्र, जुम्लामा पेस नेपाल र कालिकोटमा हुरेन्डेक नेपाल

कुल बजेटः ९५२७१६० अमेरिकी डलर

अपेक्षित लाभान्वित घरधुरीः १३५५५

### कविता (जलबायु परिवर्तन)

पानीका मुहान सुक्या, उत्पादन् घट्यो
विश्व उष्णिकरण भयो, तापक्रम बढ्यो
हिउँद हिउँ नाई, वर्षा मेघ नाई फेरीयो जमाना
जानी बुझी समाल्नु छ, यमराजको रमाना
अनुकुलित आफै बनौं, जोखिमबाट बच्न
जतातते बाढी पहिरो, जमिन लाग्यो धस्न
सहि खाका लापाको कोरौं, समुदायलाई सोधौं
हरित गृह ग्याँस उर्त्सजन गर्ने, गतिविधि रोकौं
हाम्रो पुस्ता जेनतेन बाँच्लान, भावि पुस्ता के थाहा
जलबायुमा देखिन थाले, हरेक खाले ब्यथा
छिनछिनमा दिन दिनमा मौसम फरक हुन्छ
हरित गृह ग्याँस उर्त्सजन, यो हृदय रुन्छ

लेखक
**पार्बती बुढा योगी**
(सामाजिक परिचालक, मुगु)

# फोटो फिचर



जुम्लाको तिलामा कार्यक्रम अनुगमन गर्न जाने क्रममा अनुगमन टोली



मुगुको खत्याडमा निगालो फर्निचर निर्माण तालिमपश्चात निर्माण गरिएका सामाग्रीहरु



जुम्लाको तिलामा निर्माण गरिएको लसुनडाँडी सिचाई कुलो

**थप जानकारी तथा सम्पर्कका लागि :**

**क्याफ्स–कर्णाली परियोजना समन्वय इकाई**
वन तथा वातावरण मन्त्रालय
जलवायु परिर्वतन ब्यबस्थापन महाशाखा
सिंहदरबार, काठमाडौं
टेलिफोन नम्बरः ०१ ४२२१४३५, ४२११९९६, ४२११९९७
वेवः www.mofe.gov.np

**संयुक्त राष्ट्रसँघीय विश्व खाद्य कार्यक्रम**
नेपाल केन्द्रिय कार्यालय
चाकुपाट, पाटनढोका सडक, ललितपुर, नेपाल
टेलिफोन नम्बरः ०१ ५२६०६०७